"धनकुटा नगरः स्वच्छ सुन्दर समुन्नत शहर"

# धनकुटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## धनकुटा

फोन नं – ०२६-५२२११९
कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८०/०८१
च.न. ३८६

**धनकुटा नगरपालिका क्षेत्रका सहकारी संस्था तथा सदस्यहरुलाई जरुरी सूचना**

प्रकाशन मितिः २०८०/०६/०१

प्रस्तुत बिषयमा धनकुटा नगरपालिकाभित्र कार्यक्षेत्र भएका तथा नगरपालिकाले नियमन गर्नुपर्ने सहकारी संस्थाहरु धनकुटा नगरपालिकाको सहकारी ऐन, २०७५, नियमावली, २०७८, सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७८ अनुसार सञ्चालन, ब्यवस्थापन तथा नियमन गर्नुपर्ने आवश्यकता भएकाले सहकारी संस्था सञ्चालक तथा सदस्यहरुले निम्नानुसार गर्न/ गराउनु हुन अनुरोध छ ।

१. धनकुटा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा २८ को उपदफा २ बमोजिम संस्थाको साधारण सभा प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले ६ महिना भित्र बोलाउन हुन, सोही ऐनको दफा ५४ को उपदफा १ बमोजिम आर्थिक बर्ष समाप्त भएको मितिले बढीमा ३ महिना भित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्धारा लेखापरीक्षण गराउनु हुन तथा दफा ५२ को उपदफा १ बमोजिम विवरण कार्यालयमा बुझाउनु हुन ।

२. धनकुटा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ३९ को उपदफा २ बमोजिम बचत तथा ऋणको मूख्य कारोबार गर्ने दर्ता भएको संस्था बाहेक अन्य विषयगत तथा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको कारोबार नगर्न/ नगराउनु हुन ।

३. धनकुटा नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ४१ मा सहकारी संस्थामा सदस्यको ब्यक्तिगत बचतको सीमा तीस लाख सम्मको हुनुपर्ने ब्यवस्था भएकाले सो भन्दा बढी बचत नराख्न हुन ।

४. सहकारी संस्थाहरुले आफ्ना सदस्यहरुको मात्र बचत स्वीकार गर्नुहुन, सोको परिचालन गर्नुहुन र सदस्यलाई मात्र ऋण प्रदान गर्न हुन । सहकारी संस्थाहरुले आफ्नो विनियममा उल्लेखित कार्यक्षेत्रभन्दा बाहिर गई कारोवार गर्न/नगराउनु हुन ।

५. सहकारी संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नवीकरण शुल्क नलिनु हुन। बचत तथा ऋणको ब्याजदर बीचको अन्तर ६ प्रतिशत भन्दा बढी कायम नगर्न हुन ।

६. ब्याजलाई पूँजीकृत गरी ब्याज लिने, अन्य कम्पनीको शेयर खरिद गर्ने, गैर सदस्य र संस्थालाई ऋण दिने, समयमा नै प्रतिवेदन पेश नगर्ने, साधारण सभा नगर्ने लगायत कानून विपरीत काम नगर्न/नगराउनु हुन ।

यदि अनुगमन तथा उजुरीको क्रममा सहकारी संस्थाहरु प्रचलित सहकारी कानून बमोजिम सञ्चालन नभएको पाइएमा धनकुटा नगरपालिकाको सहकारी ऐन, २०७५, नियमावली २०७८, सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७८ बमोजिम कामकारबाही हुने ब्यहोरा समेत जानकारी गराइन्छ ।

प्रमुख प्रशासकीय अधिकृत